बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

९८५८४८३९९१ (प्रमुख)
९८५८४८३९९२ (उप प्रमुख)
९८५८४८३९९३ (प्र.प्र.अ.)
ito.budhigangamun7@gmail.com
www.budhigangamunbajura.gov.np

प.सं. ०८२/८३
च.नं. ८३३

मितिः २०८२/१२/२७

ने.सं. ११४६ चिल्लागा अष्टमी

श्री जो जससँग सम्बन्ध राख्दछ ।

विषयः बेरोजगार सूचीमा सूचीकृत हुनका लागि आवेदन पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपालको संविधान अनुसार रोजगारीको हक कार्यान्यवन गर्न जारी भएको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा (१) र सो सम्बन्धी नियमावली, २०७५ को नियम ७ को उपनियम (१) मा व्यवस्था भए बमोजिम साविकको प्रधानमन्त्री रोजगार कार्यक्रम हाल ***राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२*** को दफा १७ बमोजिम १८ वर्ष पूरा भई ५९ वर्ष उमेर ननाघेका बेरोजगार व्यक्तिहरूले न्यूनतम रोजगारीमा आवद्ध हुनका लागि मिति २०८२ चैत्र १५ गते भित्र रोजगार सेवा केन्द्रमा आवेदन पेश गर्न हुन यो सूचना जारी गरिएको छ ।

<u>आवश्यक कागजातहरूः</u>

१. नेपाली नागरिकताको प्रतिलिपी
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
३. कुनै सीपमूलक तालिम लिएको भए सो को प्रमाण पत्र

नोटः ***बेरोजगार दर्ताका लागि आवेदन फाराम सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रबाट प्राप्त गर्न सकिनेछ भने नगरपालिकाको वेबसाइटः www.budhigangamunbajura.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ । बेरोजगार दर्ताका लागि निवेदन फाराम भर्दा सबै विवरण अनिवार्य भर्नु पर्नेछ ।***

२०८२/१२/२७
प्रेम राज जैशी
नि. प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थः</u>

श्री सबै वडा कार्यालयहरूः सूचना टाँस गरी आवेदन सङ्कलन गरिदिन हुन ।

श्री सूचना प्रविधि शाखाः वेबसाइटमा अपलोड गरिदिन हुन ।

CamScanner